# माडी नगरपालिकाको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८

प्रमाणिकरण मितिः २०७८/०६/०७

माडी नगरपालिकाको समग्र आर्थिक विकासको महत्वपूर्ण क्षेत्रको रूपमा कृषि क्षेत्र रहेको छ । उर्वर कृषि भूमीको रुपमा रहेको माडी नगरको कृषि व्यवसायलाई आधुनिक, व्यवसायिक, प्रतिष्पर्धि बनाउँदै उत्पादन लागत घटाउन यान्त्रिकरण, बैज्ञानिकीकरण र वातावरणमैत्री बनाउँदै बजारिकरणमा जोड दिनु जरूरी छ । माडी नगरपालिकाबाट सञ्चालन गरिने कृषि विकास कार्यक्रमहरूलाई थप प्रभावकारी, पारदर्शी, जवाफदेही, उत्तरदायी एवं गुणस्तरयुक्त रूपमा कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को व्यवस्था अनुरूप "माडी नगरपालिकाको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८" जारी गरेको छ ।

## परिच्छेदः १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** क. यस कार्यविधिको नाम "माडी नगरपालिकाको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८" रहेको छ ।

ख. यो कार्यविधि माडी नगरपालिकाको क्षेत्रभित्र लागु हुनेछ ।

ग. यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

क. "कार्यपालिका" भन्नाले माडी नगरपालिकाको कार्यपालिकालाई जनाउने छ ।

ख. "प्रमुख" भन्नाले माडी नगरपालिकाको नगर प्रमुखलाई जनाउने छ ।

ग. "उपप्रमुख" भन्नाले माडी नगरपालिकाको उपप्रमुखलाई जनाउने छ ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले माडी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

ङ. "शाखा" भन्नाले माडी नगरपालिकाको कृषि शाखालाई जनाउने छ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

च. "शाखा प्रमुख" भन्नाले माडी नगरपालिकाको कृषि शाखाको प्रमुखलाई जनाउने छ।

छ. "कृषि समिति" भन्नाले माडी नगरपालिकाको कृषि समितिलाई जनाउने छ।

ज. "मूल्यांकन समिति" भन्नाले यस कार्यविधिको दफा  अनुसार गठित समितिलाई जनाउने छ।

झ. "फर्म, कम्पनी, समूह, सहकारी" भन्नाले प्रचलित कानून बमोजिम सरकारी कार्यालयमा दर्ता भई कृषि क्षेत्रलाई मुख्य लक्ष्य बनाई संञ्चालनमा रहेका फर्म, कम्पनी, समूह वा सहकारी सम्झनु पर्छ।

## परिच्छेद २
## उद्देश्य

**३. कार्यक्रमको उद्देश्य** : कार्यक्रमको उद्देश्य देहायबमोजिम हुनेछ :
क. माडी नगरपालिकाबाट सञ्चालन हुने कृषि विकास कार्यक्रम कार्यान्वय प्रकृयालाई छिटो, छरितो, सरल, सहज, गुणस्तरीय र व्यबस्थित बनाउने।

ख. अनुदान वितरण तथा लाभग्राहीहरुको छनौट प्रकृयालाई प्रभावकारी, पारदर्शी, निष्पक्ष बनाउने।

ग. कृषि व्यवसायलाई यान्त्रिकीकरण, बैज्ञानिकीकरण, व्यवसायिकरण र बजारिकरणमा जोड दिँदै दिगो, मर्यादित, प्रतिष्पर्धी एवं उत्पादनमूलक बनाउने।

## परिच्छेदः ३
## कार्य सञ्चालन प्रकृया

**४.१ निवेदन/प्रस्ताव पेश गर्नुपर्ने :** प्रस्तावक/निवेदकले तपसिल बमोजिमका कार्यक्रममा समावेश हुन निवेदन/प्रस्तावको साथ निम्न कागजात संलग्न गरी पेश गर्नुपर्नेछ। साथै, कार्यक्रम संचालनको लागि सुचना प्रकाशन गरिएको खण्डमा सुचनामा उल्लेखित शर्तहरु पनि लागु हुने छन्।

**१. साना सिंचाई कार्यक्रम**

नगरपालिकामा वर्ष भरी सिंचाई हुने क्षेत्रफल वृद्धिगरी खाधान्न, फलफुल, तरकारी, दलहन, तेलहन आदि बालीको उत्पादन तथा उत्पादकत्व वृद्धिको लागि साना सिंचाई कार्यक्रम कार्यक्रम संचालन गरिनेछ। कम्तीमा १० कट्ठामा व्यावसायिक खेती गरिरहेका कृषकले कृषि फर्म/कृषक समूह/कृषि सहकारी मार्फत आवेदन दिन सक्नेछन्। कार्यक्रम अन्तर्गत २ इन्चको बोरिङ धसान, डेढ इन्चको मोटर, हेड, सकेटहरु, टि, निप्पलहरु लगायतका बोरिङ सामाग्रीमा ५० प्रतिशत अनुदान सहयोग गर्न सकिनेछ। यस कार्यक्रम संचालनको लागि निम्न कागजात आवश्यक पर्नेछ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
...नगर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

क. कार्यालयबाट उपलब्ध गराएको ढाँचामा कृषक समुह/कृषि फर्म/कृषि सहकारीको आवेदन तथा प्रस्ताव पत्र
ख. संस्था दर्ता/नविकरण प्रमाण पत्रको प्रतिलिपी
ग. गत आ.ब को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपी
घ. संस्थाको आन्तरिक राजश्व कार्यालयको दर्ता प्रमाणपत्रको प्रतिलिपी (पान नम्बर)
ङ. संस्थागत निर्णयको प्रतिलिपी
च. अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि तथा अख्तियारी पत्र
छ. चालु आ.व. २०७८/०७९ को एकीकृत सम्पत्ती कर तिरेको रसिदको प्रतिलिपी
ज. सिंचाइ गरिने कम्तीमा १० कठ्ठा जमिनको लालपुर्जाको फोटोकपी/लिजमा लिएको जमिन भए १० बर्षको करारनामा प्रतिलिपी
झ. जग्गाधनी पुर्जा नभएको जग्गाको हकमा सम्बन्धित वडा कार्यालयको स्वीकृति वा सिफारिस पत्र
ञ. वडा कार्यालयको सिफारिस पत्र

**२. अनुदानमा केरा खेती प्रवर्द्धन कार्यक्रम**

माडी नगरपालिकामा केरा खेतीको क्षेत्रफल बिस्तार गरी उत्पादन तथा उत्पादकत्व वृद्धिको लागि अनुदानमा केरा खेती प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ। कम्तीमा २ कट्ठामा व्यावसायिक खेती गर्न चहाने कृषकले कृषि फर्म/कृषक समूह/कृषि सहकारी मार्फत आवेदन दिन सक्नेछन्। कार्यक्रम अन्तर्गत केराको बिरुवामा ५० प्रतिशत अनुदान सहयोग गर्न सकिनेछ। यस कार्यक्रम संचालनको लागि निम्न कागजात आवश्यक पर्नेछ।

क. कार्यालयबाट उपलब्ध गराएको ढाँचामा कृषक समुह/कृषि फर्मको आबेदन तथा प्रस्ताव पत्र
ख. संस्था दर्ता/नविकरण प्रमाण पत्रको प्रतिलिपी
ग. गत आ.ब को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपी
घ. संस्थाको आन्तरिक राजश्व कार्यालयको दर्ता प्रमाणपत्रको प्रतिलिपी (पान नम्बर)
ङ. संस्थागत निर्णयको प्रतिलिपी
च. अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि तथा अख्तियारी पत्र
छ. चालु आ.व. २०७८/०७९ को एकीकृत सम्पत्ती कर तिरेको रसिदको प्रतिलिपी
ज. खेती गरिने कम्तीमा २ कठ्ठा जमिनको लालपुर्जाको फोटोकपी/लिजमा लिएको जमिन भए ५ बर्षको करारनामा प्रतिलिपी
झ. जग्गाधनी पुर्जा नभएको जग्गाको हकमा सम्बन्धित वडा कार्यालयको स्वीकृति वा सिफारिस पत्र
ञ. वडा कार्यालयको सिफारिस पत्र

**३. अनुदानमा बेसार खेती प्रवर्द्धन कार्यक्रम**

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिकामा बेसार खेतीको क्षेत्रफल बिस्तार गरी उत्पादन तथा उत्पादकत्व वृद्धिको लागि अनुदानमा बेसार खेती प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ । कम्तीमा ५ कट्ठामा व्यावसायिक खेती गर्न चहाने कृषकले कृषि फर्म/कृषक समूह/कृषि सहकारी मार्फत आवेदन दिन सक्नेछन् । कार्यक्रम अन्तर्गत बेसारको बिउमा ५० प्रतिशत अनुदान सहयोग गर्न सकिनेछ । यस कार्यक्रम संचालनको लागि निम्न कागजात आवश्यक पर्नेछ ।

क. कार्यालयबाट उपलब्ध गराएको ढाँचामा कृषक समुहको आबेदन तथा प्रस्ताव पत्र
ख. समूह दर्ता/नविकरण प्रमाण पत्रको प्रतिलिपी
ग. गत आ.ब को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपी
घ. समूहको आन्तरिक राजश्व कार्यालयको दर्ता प्रमाणपत्रको प्रतिलिपी (पान नम्बर)
ङ. समूह कार्यसमितिको निर्णयको प्रतिलिपी
च. अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि तथा अख्तियारी पत्र
छ. चालु आ.व. २०७८/०७९ को एकीकृत सम्पत्ती कर तिरेको रसिदको प्रतिलिपी
ज. खेती गरिने कम्तीमा ५ कठ्ठा जमिनको लालपुर्जाको फोटोकपी/लिजमा लिएको जमिन भए ५ वर्षको करारनामा प्रतिलिपी
झ. जग्गाधनी पुर्जा नभएको जग्गाको हकमा सम्बन्धित वडा कार्यालयको स्वीकृति वा सिफारिस पत्र
ञ. वडा कार्यालयको सिफारिस पत्र

### ४. च्याउको बिउमा अनुदान कार्यक्रम

माडी नगरपालिकामा च्याउ खेतीको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी कृषकको जिवनस्तर उकास्नका लागि च्याउको बिउमा अनुदान कार्यक्रम संचालन गरिनेछ । कम्तीमा ५० पोका (१० केजी बिउ) च्याउको व्यावसायिक खेती गर्न चहाने कृषकले कृषि फर्म/कृषक समूह/कृषि सहकारी मार्फत आवेदन दिन सक्नेछन् । कार्यक्रम अन्तर्गत च्याउको बिउमा ५० प्रतिशत अनुदान सहयोग गर्न सकिनेछ । यस कार्यक्रम संचालनको लागि निम्न कागजात आवश्यक पर्नेछ ।

क. कार्यालयबाट उपलब्ध गराएको ढाँचामा कृषक समुह/कृषि फर्म/कृषि सहकारीको आवेदन तथा प्रस्ताव पत्र
ख. संस्था दर्ता/नविकरण प्रमाण पत्रको प्रतिलिपी
ग. गत आ.ब को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपी
घ. संस्थाको आन्तरिक राजश्व कार्यालयको दर्ता प्रमाणपत्रको प्रतिलिपी (पान नम्बर)
ङ. संस्थागत निर्णयको प्रतिलिपी
च. अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि तथा अख्तियारी पत्र
छ. कम्तीमा ५० पोका (१० केजी बिउ) च्याउको खेती गर्ने प्रतिवद्धता
ज. वडा कार्यालयको सिफारिस पत्र

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

**५. विपद न्युनिकरण तथा जिविकोपार्जनका लागि बाँस रोपण कार्यक्रम**

माडी नगरपालिकामा रहेका खोला तथा नदीवाट हुने वाढीको जोखिमलाई कम गर्न तथा व्यबसायिक बाँस खेतीको क्षेत्र बिस्तार गरी जिविकोपार्जनमा टेवा पुऱ्याउनको लागि विपद न्युनिकरण तथा जिविकोपार्जनका लागि बाँस रोपण कार्यक्रम संचालन गरिनेछ । यस कार्यक्रम अन्तर्गत बाँसको बेर्नामा १०० प्रतिशत अनुदान सहयोग गर्न सकिनेछ । यस कार्यक्रम संचालनको लागि निम्न कागजात आवश्यक पर्नेछ ।

क. कार्यालयबाट उपलब्ध गराएको ढाँचामा कृषक/कृषक समुह/कृषि फर्म तथा अन्य सरकारी तथा गैरसरकारी निकायको आवेदन तथा प्रस्ताव पत्र
ख. संस्था दर्ता/नविकरण प्रमाण पत्रको प्रतिलिपी
ग. संस्थागत निर्णयको प्रतिलिपी
घ. अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि तथा अख्तियारी पत्र
ङ. वडा कार्यालयको सिफारिस पत्र
च. विरुवा रोपण तथा संरक्षण गर्ने प्रतिवद्धता पत्र
छ. नगरपालिकाले जोखिम क्षेत्र पहिचान गरी आँफैले वा अन्य संस्थासँगको सहकार्यमा बाँस रोपण कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।
ज. स्थानीय सामुदायिक वन तथा मध्यवर्ती क्षेत्रमा समेत दीर्घकालीन आयआर्जनका लागि बाँस रोपण कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।
झ. विपद न्युनिकरण तथा जिविकोपार्जनका लागि आएका प्रस्तावमा प्राथमिकता रहनेछ ।

**६. फलफुल बिरुवा बितरण कार्यक्रम**

माडी नगरपालिकामा व्यवसायिक फलफुल खेतीको क्षेत्रफल बिस्तार गरी उत्पादन तथा उत्पादकत्व वृद्धिको लागि फलफुल बिरुवा बितरण कार्यक्रम संचालन गरिनेछ । कम्तीमा २ कठ्ठामा व्यावसायिक फलफुल खेती गर्न चहाने कृषकले कृषि फर्म/कृषक समूह/कृषि सहकारी मार्फत आवेदन दिन सक्नेछन् । कार्यक्रम अन्तर्गत फलफुलको बेर्नामा १०० प्रतिशत अनुदान सहयोग गर्न सकिनेछ ।यस कार्यक्रम संचालनको लागि निम्न कागजात आवश्यक पर्नेछ ।

क. कार्यालयबाट उपलब्ध गराएको ढाँचामा कृषक समुह/कृषि फर्म/कृषि सहकारी/टोलसुधार समिति/क्लव/आमा समूह/बिद्यालय/संघसंस्थाहरुको आबेदन तथा प्रस्ताव पत्र
ख. संस्था दर्ता/नविकरण प्रमाण पत्रको प्रतिलिंपी

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

ग. गत आ.ब को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपी
घ. संस्थाको आन्तरिक राजश्व कार्यालयको दर्ता प्रमाणपत्रको प्रतिलिपी (पान नम्बर)
ङ. संस्थागत निर्णयको प्रतिलिपी
च. अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि तथा अख्तियारी पत्र
छ. चालु आ.व. २०७८/०७९ को एकीकृत सम्पत्ती कर तिरेको रसिदको प्रतिलिपी
ज. खेती गरिने जमिनको लालपुर्जाको फोटोकपी/लिजमा लिएको जमिन भए १० बर्षको करारनामा प्रतिलिपी
झ. जग्गाधनी पुर्जा नभएको जग्गाको हकमा सम्बन्धित वडा कार्यालयको स्वीकृति वा सिफारिस पत्र
ञ. वडा कार्यालयको सिफारिस पत्र
ट. बिरुवा रोपण तथा संरक्षण गर्ने प्रतिवद्धता पत्र
ठ. नगरपालिकाले आवश्यक क्षेत्र पहिचान गरी आँफैले वा अन्य संस्थासँगको सहकार्यमा फलफुलको बिरुवा रोपण कार्यक्रम सञ्चालन गर्न सक्नेछ।
ज. स्थानीय सामुदायिक वन तथा मध्यवर्ती क्षेत्रमा समेत दीर्घकालीन आयआर्जनका लागि फलफुलको बिरुवा रोपण कार्यक्रम सञ्चालन गर्न सकिनेछ।
झ. जिविकोपार्जन तथा आयआर्जनका लागि आएका प्रस्तावमा प्राथमिकता रहनेछ।

## ७. मौरी घार वितरण कार्यक्रम

नगरपालिकामा मौरीको क्षेत्र विस्तार गरी मह तथा मौरीजन्य बस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धिको लागि मौरी घार वितरण कार्यक्रम संचालन गरिनेछ। कम्तीमा ५ घार मौरीको व्यावसायिक खेती गर्न चहाने कृषकले कृषि फर्म/कृषक समूह/कृषि सहकारी मार्फत आवेदन दिन सक्नेछन्। कार्यक्रम अन्तर्गत मौरी सहितको घारमा ५० प्रतिशत अनुदान सहयोग गर्न सकिनेछ।यस कार्यक्रम संचालनको लागि निम्न कागजात आवश्यक पर्नेछ।

क. कार्यालयबाट उपलब्ध गराएको ढाँचामा कृषक समुह/कृषि फर्म/कृषि सहकारीको आबेदन तथा प्रस्ताव पत्र
ख. संस्था दर्ता/नविकरण प्रमाण पत्रको प्रतिलिपी
ग. गत आ.ब को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपी
घ. संस्थाको आन्तरिक राजश्व कार्यालयको दर्ता प्रमाणपत्रको प्रतिलिपी (पान नम्बर)
ङ. संस्थागत निर्णयको प्रतिलिपी
च. अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि तथा अख्तियारी पत्र
छ. कम्तीमा ५ घार मौरी पालन गर्ने प्रतिवद्धता
ज. वडा कार्यालयको सिफारिस पत्र

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
माडी नगरपालिका
कलनपुर, चितवन
बागमती प्रदेश, नेपाल

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

**८. अगुवा कृषक प्रोत्सहान कार्यक्रम**

माडी नगरपालिकामा कृषि क्षेत्र अन्तर्गत अन्नवाली, तरकारी, च्याउ, मौरी, फलफुल, जडीबुटी, मसलावाली, बिउ उत्पादन, प्रविधिमैत्री खेती, अर्गानिक खेती, नविनतम वालीको खेती आदी क्षेत्रमा रहेर नमुना तथा अनुकरणीय ढंगले खेती गर्दै आइरहेका अगुवा तथा क्रियाशिल कृषकहरुलाई प्रोत्सहान गर्न अगुवा कृषक प्रोत्सहान कार्यक्रम कार्यक्रम संचालन गरिनेछ । यस कार्यक्रम संचालनको लागि निम्न कागजात आवश्यक पर्नेछ ।

क. कार्यालयबाट उपलब्ध गराएको ढाँचामा कृषकको आबेदन तथा खेती विवरण पत्र
ख. चालु आ.व. २०७८/०७९ को एकीकृत सम्पत्ती कर तिरेको रसिदको प्रतिलिपी
ग. खेती गरिरहेको जमिनको लालपुर्जाको फोटोकपी/लिजको जमिन भए करारनामाको प्रतिलिपी
घ. जग्गाधनी पुर्जा नभएको जग्गाको हकमा सम्बन्धित वडा कार्यालयको स्वीकृति वा सिफारिस पत्र
ज. वडा कार्यालयको सिफारिस पत्र

**९. नविनतम खेती प्रविधिमा अनुदान**

नगरपालिकामा कृषि क्षेत्रका नविनतम वालीहरुको खेती भित्राउन तथा क्षेत्रफल बिस्तार गरी उत्पादन तथा उत्पादकत्व वृद्धिको लागि नविनतम खेती प्रविधिमा अनुदान कार्यक्रम संचालन गरिनेछ । नयाँ, बजारमुखी तथा प्रविधिमैत्री कार्यक्रमलाई प्रोत्सहान गरिनेछ । कार्यक्रमको बिस्तृत प्रस्तावनाको आधारमा अनुदानग्राही छनोट गरिनेछ । यस कार्यक्रम संचालनको लागि निम्न कागजात आवश्यक पर्नेछ ।

क. कार्यालयबाट उपलब्ध गराएको ढाँचामा कृषि फर्मको आबेदन तथा नविनतम खेती प्रस्ताव पत्र
ख. फर्म दर्ता/नबिकरण प्रमाण पत्रको प्रतिलिपी
ग. गत आ.ब को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपी
घ. फर्मको आन्तरिक राजश्व कार्यालयको दर्ता प्रमाणपत्रको प्रतिलिपी (पान नम्बर)
ङ. फर्मको निर्णयको प्रतिलिपी
च. अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि तथा अख्तियारी पत्र
छ. चालु आ.व. २०७८/०७९ को एकीकृत सम्पत्ती कर तिरेको रसिदको प्रतिलिपी
ज. खेती गरिने/गरिरहेको जमिनको लालपुर्जाको फोटोकपी/लिजमा लिएको जमिन भए ७ बर्षको करारनामा प्रतिलिपी
झ. जग्गाधनी पुर्जा नभएको जग्गाको हकमा सम्बन्धित वडा कार्यालयको स्वीकृति वा सिंफारिस पत्र
ञ. वडा कार्यालयको सिफारिस पत्र

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

**१०. पाइप लाइनिङ कार्यक्रम**

नगरपालिकामा रहेका बोरिङ सिंचाईका स्रोतहरुलाई भुमिगत पाईलाइन मार्फत व्यबस्थित गर्नका लागि पाइप लाइनिङ कार्यक्रम संचालन गरिनेछ । माग, आवश्यकता, सम्भावना, लाभग्राहीको संख्याको आधारमा अनुदानग्राहीको छनोट गरिनेछ । यस कार्यक्रम संचालनको लागि निम्न कागजात आवश्यक पर्नेछ ।

क. कार्यालयबाट उपलब्ध गराएको ढाँचामा कृषक समुह/कृषि फर्म/कृषि सहकारीको आबेदन तथा प्रस्ताव पत्र
ख. संस्था दर्ता/नविकरण प्रमाण पत्रको प्रतिलिपी
ग. गत आ.ब को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपी
घ. संस्थाको आन्तरिक राजश्व कार्यालयको दर्ता प्रमाणपत्रको प्रतिलिपी (पान नम्बर)
ङ. संस्थागत निर्णयको प्रतिलिपी
च. अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि तथा अख्तियारी पत्र
छ. चालु आ.व. २०७८/०७९ को एकीकृत सम्पत्ती कर तिरेको रसिदको प्रतिलिपी
ज. सिंचाइ् गरिने कम्तीमा ५ बिगाहा जमिनको लालपुर्जाको फोटोकपी/लिजमा लिएको जमिन भए १० बर्षको करारनामा प्रतिलिपी
झ. जग्गाधनी पुर्जा नभएको जग्गाको हकमा सम्बन्धित वडा कार्यालयको स्वीकृति वा सिफारिस पत्र
ञ. वडा कार्यालयको सिफारिस पत्र

**११. मागमा आधारित कृषि कार्यक्रम**

माडी नगरपालिकाको कृषकहरुको आवश्यकता तथा मागलाई ध्यानमा राख्दै उत्पादन तथा उत्पादकत्व वृद्धिमा सहायक हुने गरी मागमा आधारित कृषि कार्यक्रम संचालन गरिनेछ । आयआर्जन र जिवनस्तरमा टेवा पुऱ्याउने कार्यक्रमलाई प्रोत्सहान गरिनेछ । कृषक समुह/कृषि फर्मले पेश गरेको कार्यक्रमको बिस्तृत प्रस्तावनाको आधारमा अनुदानग्राही छनोट गरिनेछ । यस कार्यक्रम संचालनको लागि निम्न कागजात आवश्यक पर्नेछ ।

क. कार्यालयबाट उपलब्ध गराएको ढाँचामा कृषक समुह/कृषि फर्मको आबेदन तथा प्रस्ताव पत्र
ख. संस्था दर्ता/नविकरण प्रमाण पत्रको प्रतिलिपी
ग. गत आ.ब को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपी
घ. संस्थाको आन्तरिक राजश्व कार्यालयको दर्ता प्रमाणपत्रको प्रतिलिपी (पान नम्बर)
ङ. संस्थागत निर्णयको प्रतिलिपी
च. अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि तथा अख्तियारी पत्र

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

छ. चालु आ.व. २०७८/०७९ को एकीकृत सम्पत्ती कर तिरेको रसिदको प्रतिलिपी

ज. खेती गरिने जमिनको लालपुर्जाको फोटोकपी/लिजमा लिएको जमिन भए ५ बर्षको करारनामा प्रतिलिपी

झ. जग्गाधनी पुर्जा नभएको जग्गाको हकमा सम्बन्धित वडा कार्यालयको स्वीकृति वा सिफारिस पत्र

ञ. वडा कार्यालयको सिफारिस पत्र

### १२. आकस्मिक बाली संरक्षण तथा उपचार

माडी नगरपालिका भित्रका कृषि बालीमा आकस्मिक रुपमा देखा परेका रोग तथा किराको सङ्क्रमण तथा महामारीलाई तत्काल नियन्त्रण गरी क्षती न्युनिकरण गर्न आवश्यकता अनुसार आकस्मिक बाली संरक्षण तथा उपचार कार्यक्रम सञ्चालन गर्न सकिन्छ । यस अन्तर्गत रोग, किरा तथा सुक्ष्म खाद्यतत्वको प्रभावलाई नियन्त्रण गरी क्षती न्युनिकरण गर्न विज्ञ सहितको घुम्ती शिवीर तथा तालिम, आवश्यक बिषादी वितरण, सुक्ष्म खाद्यतत्व बितरण, नियन्त्रण औजार तथा उपकरण सामग्रीहरुको वितरण, सचेतनाका लागि प्रसार सामग्री उत्पादन तथा वितरण, फिल्ड डेमोस्ट्रेसन जस्ता कृयाकलापहरु सञ्चालन गर्न सकिनेछ । शाखाले सामग्री खरिद गरी निशुल्क वितरण गर्न सक्नेछ ।

### १३. प्रविधि प्रदर्शनी

राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा बिकास तथा बिस्तार भएका नविन प्रविधि तथा सिप कौशललाई माडी क्षेत्रको माटो सुहाउँदो परिवेश अनुसार भित्राई कृषकमाझ सो प्रविधिलाई अनुकुलन गराउन तथा हस्तान्तरण गर्न प्रविधि प्रदर्शनी कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यक्रम अन्तर्गत शाखाले नविन प्रविधिहरु खोज, अनुसन्धान तथा खरिद गरि कृषकहरुमाझ सञ्चालन तथा प्रयोग गर्न सक्नेछ । शाखाले आवश्यकता अनुसार स्थान निर्धारण गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ । यस कार्यक्रमवाट प्राप्त उपलब्धिलाई जर्नल, लेख रचना तथा प्रसार सामग्री मार्फत सार्वजनिक गर्न सकिनेछ ।

### ४.२ अनुदान कार्यक्रम कार्यान्वयन प्रकृया

क. अनुदान (नगद/वस्तुगत) का विषय उल्लेख गरी शाखा/नगरपालिकाले सूचना प्रकाशन गर्नेछ र उक्त सूचना शाखा र वडाहरुमा टाँस गरिनेछ ।

ख. प्रकाशित सूचना अनुसार कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्मले तोकिए बमोजिमका कागजातहरू एवं आफ्नो व्यवसायको विस्तृत विवरण सहितको निवेदन प्रस्तावना शाखामा पेश गर्नु पर्नेछ ।

ग. शाखाले प्राप्त प्रस्तावनाहरूको कार्य स्थलमै गएर फिल्ड भेरिफिकेसन गर्न सक्नेछ ।

घ. संलग्न प्रस्तावना/निवेदन, आवश्यक कागजात र फिल्ड भेरिफिकेसनबाट प्राप्त विवरणको

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

आधारमा अनुसूचि १ बमोजिमको मूल्यांकन समितिबाट अनुसूचि (२) बमोजिम मूल्यांकन प्रतिवेदन तयार गरिने छ । मुल्याङ्कन प्रतिवेदनको आधारमा मूल्यांकन समितिले लाभग्राही छनौटको निर्णय गर्नेछ ।

ङ. मूल्यांकन समितिको निर्णय बमोजिम शाखाले कार्यक्रम संचालनको टिप्पणी प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्ने छ । कार्यक्रम संचलानको स्वीकृत टिप्पणी र स्वीकृत लागट स्टिमेटको आधारमा शाखाले कार्यक्रम संचालन गर्ने छ । शाखाले कार्यक्रम संचालनको लागि अन्य शाखाहरुसंग सहकार्य/सहयोग/समन्वय गर्न सकिनेछ ।

च. छनौट भएका लाभग्राहीको नतिजा सार्वजनिक गरी टाँस गरिने छ र शाखा र वडाहरू मार्फत लाभग्राहीलाई जानाकारी गरिने छ ।

छ. अनुदानका लागि छनौट भएका कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्मसंग कार्य सञ्चालनको लागि सम्झौता गरिने छ र उक्त सम्झौता बमोजिम कार्य सम्पन्न पश्चात वडा कार्यालयको सिफारिस र आवश्यकता अनुसार शाखाबाट स्थलगत अनुगमन गरी शाखाको सिफारिसका आधारमा नगरपालिकाले भुक्तानी दिनेछ ।

ज. विउ विजन सम्बन्धि कार्यक्रम संचालनको लागि कृषि समितिले उन्नत/स्रोत/हाईब्रिड विउको अधिकतम दररेट नगर कार्यपालिकाको बैठकमा सिफारिस गर्न सक्नेछ । कार्यपालिका बाट स्वीकृत दररेटलाई आधार मानि कार्यक्रम संचालन गर्न सकिनेछ । साथै, जिल्ला विउ विजन समितिले तोकेको दर रेटलाई पनि आधार मानि कार्यक्रम संचालन गर्न सकिनेछ ।

झ. कार्यक्रमबाट उपलब्ध हुने अधिकतम अनुदान प्रकाशित अनुदान प्रतिशत अनुसार र नतोकिएको हकमा अनुसुचि (३) बमोजिम हुने छ अनुसुचि (३) बमोजिम अनुदान प्रतिशत नतोकिएको कार्यक्रमको हकमा स्वीकृत टिप्पणी र स्टिमेट अनुसार कार्यक्रम संचालन गरिनेछ ।

ञ. कार्यक्रम संचालन गर्दा गुनासो परेमा थप निर्णय नगर कार्यपालिकाले गर्ने छ ।

ट तालिम गोष्ठी/अवलोकन भ्रमण लगायतको कार्यक्रम संचालनको लागि लागत स्टिमेट तयार गर्दा प्रचलित नियम कानुन अनुसार तयार गरिनेछ ।

ठ. कालो सूचिमा परेको फर्म/कृषक समूह/कृषि सहकारीलाई अनुदान उपलब्ध गराईने छैन । साथै, अघिल्लो आ व मा समाबेस भएका लाभग्राहीलाई सोहि शिर्षकमा पुन अनुदान उपलब्ध गराइने छैन ।

ड. अन्य कार्यक्रमको हकमा स्वकृत टिप्पणी/स्टिमेट अनुसार कार्यक्रम संचालन गरिनेछ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

**परिच्छेद: ४**
**आर्थिक प्रशासन**

५. **आर्थिक प्रशासन :** कार्यक्रमको लेखाङ्कन, कारोबार, लेखा परिक्षण गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४ सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिने छ।

**परिच्छेद: ५**
**थपघट वा हेरफेर गर्न सक्ने**

६. **थपघट वा हेरफेर गर्न सक्ने :** क. यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ।

ख. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा, अवरोध फुकाउने प्रयोजनका लागि नगरपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।
ग. यस कार्यविधिमा उललेख नगरिएका बिषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय माडी नगरपालिका
बागमती प्रदेश, नेपाल

## अनुसूचि १
## मुल्याङ्कन समिति

तोकिएको समय सिमा भित्र बिधिवत रुपमा पेश हुन आएका प्रस्तावहरुको मूल्यांकन तथा अनुगमन गरी समूह तथा फर्मको छनोट गर्नका लागि देहायबमोजिमको प्रस्ताव मूल्यांकन, अनुगमन तथा छनोट समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

(ख) कृषि तथा सहकारी समिति संयोजक -सदस्य

(ग) पशुपन्छी तथा मत्स्य शाखा प्रमुख -सदस्य

(घ) सम्बन्धित कार्यक्रम हेर्ने कृषि शाखाको कर्मचारी -सदस्य

(ङ) कृषि शाखा प्रमुख -सदस्य सचिव

प्रस्ताव मूल्यांकन, अनुगमन तथा छनोट समितिको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) रीतपूर्वक पर्न आएका आवेदनहरुको जाँचबुझ गर्ने ।

(ख) आवेदन साथ पेश भएका प्रस्तावको मूल्यांकन गर्ने ।

(ग) आवेदन पेश गर्ने आवेदक समूह, सहकारी तथा फर्मको निरीक्षण तथा अनुगमन गर्ने, गराउने ।

(घ) आवेदन, प्रस्ताव र निरीक्षण एवम् अनुगमन समेतका आधारमा कार्यक्रम सञ्चालनका लागि समूह, सहकारी तथा फर्म छनोट गर्ने ।

ङ) समितिले आवश्यकता अनुसार बढीमा दुई जना सम्म बिषय विज्ञ वा जनप्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

## अनुसूचि २
## मुल्यांकनका आधारहरु

मुल्याङ्कनको आधारहरु कार्यक्रमको प्रकृति अनुसार फरक हुन सक्नेछ। यसरी फरक भएको मुल्याङ्कनका आधारहरु मुल्याङ्कन समितिले निर्णय गर्न सक्नेछ। मुल्याङ्कन समितिले मुल्याङ्कनका आधारहरुलाई थप विस्तृत रुपमा विश्लेशण गर्न आधारहरुको भार परिवर्तन नहुने गरी थप वर्गिकरण गर्न सक्नेछ। सामान्यतय तपशिल बमोजिमको मुल्याङ्कनको आधार मानिनेछ।

**प्रस्तावको मूल्याङ्कन मापदण्ड**

| क.स | मुल्याङ्कन को आधार | मुल्याङ्कन प्राप्ताङ्क | | |
|---|---|---|---|---|
| | शिर्षक/अंकभार | न्युन | मध्यम | उत्तम |
| १ | प्रस्तावना र रोजगार सिर्जना | ० | १० | २० |
| २ | आवश्यक न्युनतम मापदण्ड र प्रकृया | ० | १० | २० |
| ३ | आवश्यकता र सम्भाव्यता | ० | १० | २० |
| ४ | लक्षित क्षेत्र र वर्ग | ० | १० | २० |
| ५ | नविनतम प्रविधि अवलम्बन र प्रसार | ० | १० | २० |
| | जम्मा | | | |

- यसमा प्रस्तुत आधारहरुलाई मुल्याङ्कन प्रयोजनका लागी समितिले sub-criteria बनाउन तथा सो अनुसार अंकभार प्रदान गर्न सकिनेछ।
- प्रस्तावक छनोट तथामुल्याङ्कनसमितिले स्थलगत प्रमाणिकरणका आधारहरुलाई बाली अनुसार sub-criteriaबनाउन तथा सो अनुसार अकंभार प्रदान गर्न सक्ने छ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

## अनुसूचि ३
## अनुदान विवरण

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

| क्र.स. | कार्यक्रमको नाम | प्रस्तावित कार्यक्रम | अधिकतम कार्यक्रम अनुदान | अधिकतम अनुदान रकम रु. |
|---|---|---|---|---|
| १ | **साना सिंचाई कार्यक्रम** | २ इन्च बोरिङ निर्माण, मोटर, हेड, सकेट, टी तथा निप्पलहरु | ५० प्रतिशत | रु. २५०००।- प्रति बोरिङ |
| २ | **अनुदानमा केरा खेती प्रवर्द्धन कार्यक्रम** | केराको बिरुवा बितरण | ५० प्रतिशत | |
| ३ | **अनुदानमा बेसार खेती प्रवर्द्धन कार्यक्रम** | बेसारको बिउ बितरण | ५० प्रतिशत | रु. ३०।- प्रति केजी |
| ४ | **च्याउको बिउमा अनुदान कार्यक्रम** | च्याउको बिउ बितरण | ५० प्रतिशत | रु. १००।- प्रति केजी |
| ५ | **विपद न्युनिकरण तथा जिविकोपार्जनका लागि बाँस रोपण कार्यक्रम** | बाँसको बिरुवा बितरण | १०० प्रतिशत | - |
| ६ | **फलफुल बिरुवा बितरण कार्यक्रम** | फलफुलको बिरुवा बितरण | १०० प्रतिशत | - |
| ७ | **मौरी घार वितरण कार्यक्रम** | मौरीको घार बितरण | ५० प्रतिशत | रु. ५०००।- प्रति घार |
| ८ | **अगुवा कृषक प्रोत्सहान कार्यक्रम** | अगुवा कृषकलाई सम्मान तथा नगद प्रोत्सहान | १०० प्रतिशत | |
| ९ | **नविनतम खेती प्रविधिमा अनुदान** | प्रस्ताव अनुसार | ५० प्रतिशत | माग अनुसार |
| १० | **पाइप लाइनिङ कार्यक्रम** | बोरिङ पाइप लाइनिङ तथा बिस्तार | ७० प्रतिशत | माग अनुसार |
| ११ | **मागमा आधारित कृषि कार्यक्रम** | प्रस्ताव अनुसार | ५० प्रतिशत | माग अनुसार |
| १२. | **आकस्मिक बाली संरक्षण तथा उपचार** | आवश्यकता अनुसार | १०० प्रतिशत | |
| १३. | **प्रविधि प्रदर्शनी** | आवश्यकता अनुसार | १०० प्रतिशत | |

नोट : कार्यक्रम सञ्चालन गर्दा अनुदान प्रतिशत वा रकम नखुलेको हकमा स्वीकृत टिप्पणी र इस्टिमेट बमोजिम कार्यक्रम सञ्चालन गरिने छ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख